गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०४ 	संख्याः ०३ 	मितिः २०८०/११/१७

**भाग–१**

**गुराँस गाउँपालिका**

## मानसिक तथा मनोसामाजिक स्वास्थ्य नीति, २०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/१५

**पृष्ठभूमिः**

नेपालको संविधान, २०७२ (भाग ३) मौलिक हक र कर्तव्य तथा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४ को परिच्छेद-७ मा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य, पुनर्स्थापना सामाजिक सुरक्षा तथा मनोरन्जनको व्यवस्था गरिएको छ। उक्त ऐनको दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा सुविधाहरुको समेत सुनिश्चितता गरेको छ । सयुंक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (२०१६-२०३०) मा पनि स्वास्थ्य सम्बन्धि “लक्ष्य ३ : सुस्वास्थ्य तथा समृद्ध जीवन” अन्तरगत सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्न मानसिक स्वास्थ्यलाई पनि प्राथमिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने, नसर्ने रोगवाट हुने मृत्यु एक तिहाईले कम गर्ने र लागु पदार्थ दुर्व्यसनीको रोकथाम,

उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ । साथै लक्ष्य १० मा असमानता न्यूनीकरण अन्तरगत मुलुक भित्र र मुलुकहरुबीचको असमानता घटाउने लक्ष्य राखिएको छ । नेपाल सयुंक्त राष्ट्र संघको सदस्य एवं मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको जस्तै अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धी, यातना पिडितहरुको अधिकार सम्बन्धि महासन्धि, बाल अधिकार सम्बन्धि महासन्धी लगायतका महासन्धीको पक्षधर राष्ट्र पनि हो । पक्षधर रही हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय महासन्धिहरुमा उल्लेख भए बमोजिम मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार र पुनर्स्थापनाको अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व हो । सोका लागि २०७७ साल मंसिर १४ गते नेपाल सरकारले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना र कर्णाली प्रदेशले मानसिक स्वास्थ्य रणनिति तथा कार्ययोजना (२०७९-२०८७) ल्याईसकेको सन्दर्भमा सो नीतिको प्रभावकारी कार्यान्वयनका लागि गुराँस गाँउपालिका प्रतिवद्ध रहेको छ ।

गुराँस गाँउपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक परिवेशका कारणले यहाँका जनताको जनजीवन कष्टकर रहेको छ । समाजमा जातिय भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा, बालबिवाह, बहुबिवाह तथा छाउपडी, लिङ्गका आधारमा गरिने विभेद लगायतका पराम्परागत कुसंस्कारको न्युनिकरणका प्रयासहरु हुँदाहुँदै पनि यसमा थप काम गर्नुपर्ने आवश्यकता देखिन्छ । यस पालिकाको समुदाय तहमा महिला स्वयंसेवक, शिक्षक तथा समुदायका मानिसहरुमा मानसिक स्वास्थ्यबारे जानकारी पुऱ्याउन सकिएको छैन । साथै यस गाँउपालिकामा मानसिक स्वास्थ्यका विषयमा थुप्रै भ्रम, अन्धविश्वास र गलत धारणा व्याप्त रहेका छन् । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुले लाञ्छना, विभेद, बहिस्करण र सामाजिक मिथ्या कथनको सामना गर्न परिरहेको अवस्था छ । मानसिक रोग निको हुदैन, यो रोग लागेपछि जिन्दगीभर रहिरहन्छ, यस्ता रोग लागेका व्यक्ति आक्रामक हुन्छन्, कुनै किसिमको निर्णय लिन सक्दैनन् र खास दक्षता हुदैन भन्ने अन्धविश्वास यथावत नै छन् । साथै मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र उनीहरुका परिवारका सदस्यहरुप्रति गरिने विभेद कायम नै छ । जसका कारणले गर्दा अझै पनि धेरै ठाँउमा मानसिक स्वास्थ्य सेवा लिने प्रवृतिको विकास कम भएको छ । अधिकांश अवस्थामा मानसिक स्वास्थ्य समस्याको उपचारका लागि धामी झाँकीमा भरपर्ने गरेको देखिन्छ । जसले मानसिक स्वास्थ्य अवस्थामा सुधार नहुने र विस्तारै दीर्घ तथा कडाखालको मानसिक रोगकोरुपमा विकास हुने गरेको देखिन्छ ।







विश्वस्वास्थ्य संगठनको अनुसार ५० प्रतिसत मानसिक स्वास्थ्य समस्याको सुरुवात १५ वर्षको उमेर अगावै शुरु हुने गर्दछ । यस पाकिकामा पनि बालबालिका तथा किशोर किशोरीमा देखिने मानसिक स्वास्थ्य समस्या बढ्दो क्रममा रहेका छन् । मानसिक स्वास्थ्य समस्या बालबालिका तथा किशोर किशोरीमा पनि हुन्छ भन्ने जानकारी निकैकम मानिसहरुलाई मात्र भएकाले यस विषयमा कम चासो रहेको देखिन्छ । यसले गर्दा सुरुवाती अवस्थामा नै मानसिक स्वास्थ्य समस्याको पहिचान हुन सकेको छैन जसले गर्दा समस्याको व्यवस्थापनमा थप जोखिम आउने देखिन्छ ।

यस पालिकामा हालको समयमा ४ वटा स्वास्थ्य संस्थाबाट मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवा प्रदान गर्ने गरिएको छ । स्वास्थ्य संस्थाहरुमा प्रायजसो चिन्ताजन्य समस्या, डिप्रेशन, छारेरोग, कडा खालको मानसिक स्वास्थ्यमादक पदार्थ दुर्व्यसनी जस्ता मानसिक स्वास्थ्य समस्या लिएर बिरामीहरु उपचारका लागि आउने गरेको देखिन्छ । साथै कडा खालका मानसिक समस्या र आत्महत्याको प्रबृति भएका बिरामीहरुको संख्या पनि बढ्दो क्रममा रहेको छ । तर पनि सो स्वास्थ्य संस्थाहरुमा मानसिक स्वास्थ्यको अत्यावश्यक औषधी तथा मनोपरामर्श सेवाका नियमित उपलब्धता अझै सुनिश्चित गर्न सकिएको छैन ।

गुराँस गाँउपालिकाले विभिन्न साझेदार संस्थासंग मिलेर मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवालाई सहज र सुलभ बनाउने प्रयास गर्दा पनि अझै धेरै व्यक्तिले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवा प्राप्तीमासमस्या भोगीरहेका छन् ।

राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना नेपाल सरकारको मानसिक स्वास्थ्य प्रबर्द्धन गर्नका लागि सह्रानिय प्रयास हो । यद्यपि गुराँस गाँउपालिमा राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजनाको भावी सोचलाई सार्थकता दिनका लागि मानसिक स्वास्थ्य सम्बन्धि गुराँस गाँउपालिको समस्या, वस्तुस्थिति र स्रोतहरूलाई ध्यान दिन आवश्यक छ । सो कुरालाई ध्यानमा राखेर राष्ट्रिय मानसिक स्वास्थ्य रणनिती २०७७, राष्ट्रिय स्वास्थ्य नीति, जनस्वास्थ्य सेवा ऐन २०७५, कर्णाली प्रदेश स्वास्थ्य नीतिमा आधारीत भई यस गुराँस गाँउपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक निती तयार गरिएको छ ।

## निर्देशक सिद्धान्त

अवरोध रहित, समावेसी तथा अधिकारमा आधारित अवधारणालाई मार्गदर्शन मानी यस नीतिमा निम्न सिध्दान्तहरु अवलम्वन गरिने छ ।

क. समानता तथा भेदभाव रहित अधिकारमा आधारित सेवा
ख. पहुंचयूक्तता
ग. गरिमा र आत्मसम्मान
घ. गुणस्तरिय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा
ङ. मानसिक स्वास्थ्य शिक्षा तथा जनचेतना अभिवृद्धिका लागि बहुक्षेपक्षिय समन्वय
च. सशक्तिकरण र नागरिक समाज तथा संस्थासँत सहकार्य
छ. तथ्यमा आधारित मानसिक स्वास्थ्यका अभ्यासहरु

## भावी सोच (Vision)

सम्पुर्ण गाँउपालिका बासीको पहुँचमा मनोसामाजिक तथा मानसिक स्वास्थ्य सेवा पुऱ्याएर, खुसि, सुखि र सम्बृद्ध गुराँस गाउँपालिकाको निर्माण गर्ने ।

## ध्येय (Mission)

उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गरी सेवा प्रदायक, सेवाग्राही र अन्य सरोकारवालाहरु बीच निरन्तर समन्वय तथा सहकार्यमा गुणस्तरीय मानसिक स्वास्थ्य सेवाको सुनिश्चतता गर्ने ।

## लक्ष्य (Goal)

नागरिकको मौलिक हकका रुपमा संबिधान प्रद्दत स्वास्थ्य सेवा अर्न्तगत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समतामुलक पहुँच सुनिश्चीत गर्न न्याय संगत एंव जवाफदेही ढंगले मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवामा एकिकृत गरी समय सापेक्षित आधारभूत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा अविछिन्न उपलब्ध गराउने ।

## उद्देश्यहरु (Objective)

१. सम्मानजनक तथा सेवाग्राहीमैत्री गुणस्तरिय आधारभूत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुँच सुनिश्चीतता गरि उपभोगलाई अभिवृद्धि गर्ने ।







२. मानसिक स्वास्थ्य समस्या, आत्महत्या र कमजोर मानसिक स्वास्थ्यका पुर्वाअवस्थाको रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्यको प्रबर्द्धन गर्नका लागि आवश्यक सचेतिकरण, चेतनामुलक र स्वस्थ जिवनयापन प्रबर्द्धन क्रियाकलापहरु गाँउपालिकाका नियमित कृयाकलापमा समावेश गरी लागु गर्ने ।

३. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य, आत्महत्या रोकथाम र सो सम्वन्धि सेवालाई प्रबर्द्धन गर्नका लागि सरकारी गैर सरकारी तथा नीजि क्षेत्र बिच प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गर्ने ।

४. मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता भएमा व्यक्तिको हक अधिकार सुनिश्चित गरि आर्थिक समुन्नता र मानव अधिकारको संरक्षण गर्ने ।

५. तथ्यमा आधारित सेवा उपलव्ध गर्न आवश्यक सुरक्षित एवं गुणस्तरिय अभिलेख तथा तथ्याङ्क संकलन र मूल्याङ्कन गर्ने ।

## उदेश्यहरु परिपुर्ति गर्नका लागी अवलम्वन गरिने कार्यगत रणनीतिहरु

१. सम्मानजनक तथा सेवाग्राही मैत्री गुणस्तरिय आधारभुत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुँच सुनिश्चित गरि उपभोगलाई अभिवृद्धि गर्ने ।

   १.१ संघीय सरकार अर्न्तगत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत एम.एच.ग्याप (MH GAP), मनोसामाजिक सहयोग र मनोसामाजिक परामर्श तालिम दिएर स्वास्थ्यकर्मीहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवा दिने क्षमता अभिबृद्धि गरी गाँउपालिकाका सवै स्वास्थ्य संस्थाहरुमा आधारभूत मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको विस्तार गरिनेछ ।

   १.२ संघ तथा प्रदेश मातहतका अस्पताल र मेडिकल कलेजसँग समन्वय गरी मनोचिकित्सक र मनोविद्हरुमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीको सुपेरिवेक्षणको व्यवस्था मिलाईने छ ।

   १.३ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा समुदाय स्तरमा सहज उपलब्धताका लागि स्वास्थ्य सामग्रीका साथै आवश्यक औषधीको सहज व्यवस्थापन गरिनेछ ।

१.४ मानसिक स्वास्थ्य समस्याको व्यवस्थापन तथा पुनर्स्थापन गर्न विशिष्टकृत तथा विशेषज्ञ सेवाको आवश्यकतालाई ध्यानमा राखेर जिल्ला तथा प्रदेश अस्पताल र अन्य निकायहरुसंगको समन्वयमा प्रेषण प्रणालीको विकास गरिनेछ ।

१.५ मानसिक स्वास्थ्य समस्याको रोकथाम, प्रवर्धन, उपचार र पुनर्स्थापनाका लागि उपलब्ध श्रोत साधनका आधारमा आवश्यकबजेट विनियोजन गरिनेछ । मानसिक रोगको उपचारलाई स्वास्थ्य विमामा समावेस गरि सहज उपचारको व्यवस्था गरिने छ ।

१.६ मानसिक स्वास्थ्यको प्रवर्द्धन, मानसिक स्वास्थ्य समस्याको रोकथाम र स्वास्थ्य निकायहरुमा प्रेषण (Referral) बढाउनका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मानसिक समस्या पहिचान र रिफरको तालिम दिने तथा समुदायस्तरमा सामुदायीक मनोसामाजिक कार्यकर्ताको विकास गरी परिचालन गरिनेछ ।

१.७ महामारी रविपद्का कारणले उत्पन्न हुन सक्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्यालाई तत्काल सम्वोधन गर्नको लागि स्थानीय विपद् न्युनीकरण तथा प्रतिकार्यका कार्यक्रम र योजनाहरुमा मनोवैज्ञानिक प्राथमिक सहयोग तालिम जस्ता मानसिक स्वास्थ्य र मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि कार्यक्रम र योजना समेटिने छन् ।

१.८ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुमा पहुँचयूक्त पुर्वाधार निर्माण गरिनेछ ।

१.९ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई अधिकारमुखी, सम्मानजनक तथा सेवाग्राहीमैत्री बनाउनका लागि पहल गरिनेछ ।

२. मानसिक स्वास्थ्य समस्या र कमजोर मानसिक स्वास्थ्यका पुर्वाअवस्थाको रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्यको प्रबर्द्धन गर्नका लागि आवश्यक सचेतिकरण, चेतनामुलक र स्वास्थ्य जिवनयापन प्रबर्द्धन क्रियाकलापहरु गाँउपालिकाका नियमित क्रियाकलापमा समावेश गरी लागु गर्ने ।

२.१ गाँउपालिकाको स्वास्थ्य शाखाले शिक्षा तथा महिला बालबालिका तथा जेष्ठ नागरिक सुरक्षा शाखासँगको समन्वय र सहयोगमा मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, मानसिक स्वास्थ्य, बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य, गर्भावस्था र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्य,







प्रभावकारी अभिभावकत्व आदि विषयमा जन चेतनामुलक सामाग्रीहरु विकास गरी विभिन्न आमा समूह, जनप्रतिनिधी, संचारकर्मी, धामीझाँक्रि, शिक्षक, आदि वर्गमा पुग्ने गरि सचेतिकरण र जनचेतनाका कार्यक्रमलाई अगाडि बढाइने छन् ।

२.२ मानसिक स्वास्थ्य समस्या र उपचारका बारेमा सुमदायमा रहेको अन्धविश्वास, भ्रम तथा मित्थ्याकथन हटाउनका लागि जन चेतनामुलक सामाग्रीहरु विकास गरी सचेतिकरण र जनचेतनाका कार्यक्रमलाई अगाडि बढाइने छन् ।

२.३ बालबालिकाको विकासक्रम, बाल मनोविज्ञान र बालबालिकामा हुने भावनात्मक तथा व्यवहारिक समस्याको पहिचान र त्यसको प्रारम्भिक व्यवस्थापन गर्नका लागि शिक्षकहरुलाई आवश्यक तालिम प्रदान गरि विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम गरिनेछ ।

२.४ मानसिक स्वास्थ्यमा जनचेतना बढाउन संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरी विभिन्न दिवसहरु (विश्व मानसिक स्वास्थ्य दिवस, विश्व आत्महत्या रोकथान दिवस, विर्सने रोग रोकथाम दिवस) समुदायतहमा कार्यक्रम गरी मनाइने व्यवस्था गरिने छ ।

२.५ जनस्वास्थ्य, शिक्षा, महिला बालबालिका तथा सामाजिक सुरक्षा लगायतका नियमित कार्यक्रम जस्तै सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, बालस्वास्थ्य, विद्यालय स्वास्थ्य, लैङ्गिक हिंसा रोकथाम, किशोरकिशोरी शिक्षा, महिला स्वास्थ्य स्वयंसेविका लक्षित र अन्य समुदायमा आधारित सचेतनामुलक कार्यक्रम आदिमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यलाई एकीकृत गर्दै लगिनेछ ।

२.६ सांकृतिक कार्यक्रम, वडा भेला, आदि आदि जस्ता धेरै व्यक्तिहरु भेला हुने कार्यक्रमलाई लक्षित गरि मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम गरिनेछन् ।

२.७ मानसिक स्वास्थ्य सेवालाई विचमानै छाड्ने प्रवृति कम गरि सेवाको निरन्तरता सुनिश्चित गर्नका लागि पारिवारिन भेटघाट तथा मनो शिक्षाका कार्यक्रम लागू गरिनेछन् ।

२.८ कार्यस्थल, सहकारी आदिमा कर्मचारी र सदस्यहरुको मानसिक स्वास्थ्य प्रवर्द्धन गर्नका लागि तनाव व्यवस्थापन र जनचेतनामुलक कार्यक्रम गरिनेछन् ।

३. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य, आत्महत्या रोकथाम र सो सम्वन्धि सेवालाई प्रबर्द्धन गर्नका लागि सरकारी गैर सरकारी तथा नीजि क्षेत्र बिच प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गर्ने ।

३.१ गुणस्तरिय सेवाको पहुँच वृद्धि गर्न पालिकामा रहेका नीजि, गैरसरकारी संस्था तथा सरोकारवाला निकायसंग आवश्यक साझेदारी, समन्वय र सहकार्य गरिनेछ ।

३.२ विशेषज्ञ तथा विशिष्टीकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्नका लागी संघिय, प्रादेशिक सरकार लगायत अन्य संबन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

३.३ मानसिक स्वास्थ्य सम्बन्धि औषधीको सहज र प्रयाप्त व्यवस्थापनका लागि स्वास्थ्य शाखाको पहलमा संघिय, प्रादेशिक सरकार लगायत अन्य संबन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

३.४ संघिय, प्रादेशिक सरकार लगायत अन्य संबन्धित निकायहरुसंग समन्वय र सहकार्य गरि आत्महत्या रोकथामका कार्यक्रमलाई प्राथमिकतामा राखी लागु गरिनेछन् ।

४. मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता भएमा व्यक्तिको हक अधिकार सुनिश्चित गरि आर्थिक समुन्नता र मानव अधिकारको संरक्षण गर्ने ।

४.१ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको उपचार, हेरचाह र सामाजिक समावेशीकरण सुनिश्चिताको लागि मानसिक स्वास्थ्य स्वावलम्वन समूह गठन तथा क्षमता अभिबृद्धिमा सहजिकरण गरिनेछ ।

४.२ मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र उनका परिवारको आर्थिक समुन्नताका लागि आयआर्जन तथा जिविकोपार्जन कार्यक्रममा संलग्न गराईनुका सार्थ रोजगारका अवसर श्रृजना गरिनेछन् ।

४.३ मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउँदै औषधीको निरन्तर उपलब्धताको सुनिश्चीतता गरिनेछ ।

४.४ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु प्रति हुने हिंसा कम गर्न र त्यस्ता व्यक्तिहरुको हेरचाह, सुरक्षा, उनीहरु प्रति गरिने व्यवहारमा सुधार ल्याउनको लागि यस गाँउपालिकामा रहेका सुरक्षा निकाय, बालगृह,







जेष्ठ नागरिक आवास गृह, पुनर्स्थापना केन्द्र तथा सुरक्षित आवास गृह, तथा समुदायका अभिमुखीकरण तथा चेतनामुलक कार्यक्रम गरिनेछन् ।

४.५ अपाङ्गताको वर्गीकरणमा पर्ने मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु अपाङ्गता परिचय पत्र तथा अन्य सामाजिक सुरक्षा कार्यक्रममा जोड्न सहजिकरण गरिने छ ।

४.६ मानसिक स्वास्थ्य समस्या भई पुनर्स्थापना सेवा आवश्यक भएका व्यक्तिलाई परिवार र समुदायमा पुनर्स्थापनाका व्यवस्थापनाका व्यवस्थापन गर्ने । पुनर्स्थापनाका लागि विशिष्टकृत तथा विशेषज्ञ सेवाको आवश्यकता भएमा प्रदेश अस्पताल र अन्य निकायहरुसंगको समन्व गरि प्रेषण गरिनेछ ।

५. तथ्यमा आधारित सेवा उपलब्ध गर्न आवश्यक सुरक्षित एवं गुणस्तरिय अभिलेख तथा तथ्याङ्क संकलन र मूल्याङ्कन गर्ने ।

५.१ विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा मानसिक स्वास्थ्य सम्वन्धी सूचनाहरु समावेश गरी समबन्धित निकायहरुमा नियमित पठाइने व्यवस्था गरिनेछ ।

५.२ गाँउपालिकाको स्वास्थ्य शाखा र प्रहरी प्रशासनको सहकार्यमा आत्महत्याका घटना र प्रयास सम्वन्धीका तथ्यांकलाई व्यवस्थित गरिनेछन् ।

५.३ मानसिक स्वास्थ्य संग संबन्धित विषयमा अध्ययन तथा अनुशन्धानलाई प्रबर्द्धन गरी उपलब्ध तथ्यमा आधारित योजना तथा कार्यक्रम तर्जुमा र परिमार्जन गरिनेछन् ।

५.४ मानसिक स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयनका निम्ती निरन्तर अनुगमन, अनुशिक्षण तथा मुल्याङ्कन गरिनेछ ।

## संस्थागत व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहद्वारा स्रोत तथा अधिकार सम्पन्न संयन्त्रको निर्माण गरिनेछ । साथै मानसिक समस्या भएका व्यक्तिहरुको उपचारको विशेष व्यवस्था गर्न स्थानीय तहमा मानसिक स्वास्थ्य सेवा एकाई स्थापना एवं सञ्चालन गरिनेछ । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई उपचारमा सहजताका लागि गाँउपालिकाले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रममा समावेश गरिने छ । स्वास्थ्य संस्थाहरुमा मानसिक स्वास्थ्य एवं मनोसामाजिक समस्या भएका व्यक्तिलाई गुणस्तरीय सेवा सुनिश्चित गर्न स्वास्थ्य

शाखा प्रमुख, मानसिक/मनोसामाजिक कार्यक्रम सम्पर्क व्यक्ति र यस क्षेत्रमा कार्य गरिरहेका स्थानीय गै.स.स. मध्येबाट एक र सेवाग्राहीमध्येबाट एक जना प्रतिनिधि रहने अनुगमन संयन्त्र निर्माण गरिनेछ। यस मानसिक स्वास्थ्य नीतिका आधारमा गाँउपालिकाले कार्ययोजना तय गरी तुरुन्त कार्यान्वनमा ल्याइनेछ।

### वित्तीय श्रोत

स्थानीय सरकारको स्रोत, संघ तथा प्रदेश सरकारवाट प्राप्त स्रोतहरु, संघ सँस्थावाट प्राप्त स्रोत तथा निजी क्षेत्रको सहयोग समग्रमा यस मानसिक स्वास्थ्य नीति कार्यान्वयनका स्रोत हुनेछन् । मानसिक स्वास्थ्य सेवाका लागि अन्य स्वास्थ्य सेवा सरह रोगको भारका आधारमा समानुपातिक रुपमा बजेटको व्यवस्था गरिदै लगिनेछ। साथै मानसिक स्वास्थ्य सम्बन्धि महिला तथा बालबालिका र अन्य सम्बन्धित शाखाहरु अन्तरगत पनि बजेट विनियोजन गरिने छ। समुदायलाई पनि मानसिक स्वास्थ्यमा लगानी गर्नका लागि प्रेरित गरिने छ।

### अनुगमन तथा मूल्याङ्कन

स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने मानसिक तथा मनोसामाजिक सेवा तथा सो सम्वन्धी समुदायमा गरिने अन्य कार्यक्रमको आवश्यक अनुगमन तथा मुल्याङ्कन गर्नकालागि गाँउपालिका प्रमुखको नेतृत्वमा र प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, अस्पतालको प्रमुख, मानसिक/मनोसामाजिक कार्यक्रम सम्पर्क व्यक्ति र यस क्षेत्रमा कार्य गरिरहेका स्थानीय गै.स.स. मध्येबाट एक र सेवाग्राहीमध्येबाट एक जना प्रतिनिधि रहने परियोजना सल्लाहकार समिती निर्माण गरिनेछ। साथै प्राथमिक स्वास्थ्य सेवा प्रणालीबाट प्रदान गरिने मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सूचनालाई स्वास्थ्य व्यस्थापन सूचना प्रणालीमा समावेश भएको निश्चित गरिने छ।

### चुनौतिहरु

- मानसिक स्वास्थ्य क्षेत्रमा समष्टिगतरुपमा स्रोत परिचालन रणनीतिको अभावमा स्रोत व्यवस्थापन तथा परिचालनमा कठिनाई हुनसक्ने सम्भावना रहन्छ।
- तालिम प्राप्त जनशक्तिको अभाव तथा तालिम प्राप्त स्वास्थ्यकर्मीको सरुवाले गर्दा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको निरन्तरतामा चुनौती हुन सक्दछ।







- मानसिक रोगको उपचारमा प्रयोग हुने औषधिको स्वास्थ्य संस्थामा निःशुल्करुपमा निरन्तर उपलब्धताको संयन्त्र नहुँदा सेवाको निरन्तरता तथा प्रभावकारीतामा चुनौती आउन सक्दछ।
- मुलुक सङ्घीय संरचनामा परिणत हुँदा कार्यान्वयन गरिने स्वास्थ्य कार्यक्रमहरु केन्द्र र सङ्घको दायित्वभित्र पर्ने गरी छुट्टयाई मानसिक स्वास्थ्य नीतिको पुनर्समायोजन नहुँदा चुनौती हुन सक्दछ।
- यस नीतिलाई कार्यान्वयन गर्नको लागि संघ तथा प्रदेशमा जस्तै स्थानीय तहमा पनि मानसिक स्वास्थ्यको छुट्टै सक्रिय संयन्त्र स्थापना नभएको हुँदा मानसिक स्वास्थ्यका कार्यक्रम तर्जुमा र कार्यन्वयन हुन चुनौती आउन सक्दछ।

### जोखिम

- मानसिक स्वास्थ्य क्षेत्रमा समष्टिगत रुपमा स्रोत परिचालन रणनीतिको अभावमा स्रोत व्यवस्थापन तथा परिचालनमा कठिनाई हुनसक्ने सम्भावना रहेको देखिन्छ।
- तालिम प्राप्त जनशक्तिको अभाव तथा तालिम प्राप्त स्वास्थकर्मीहरुको सरुवाले गर्दा मानसिक स्वास्थ्य तथा मनोसामाजिक उपचार र परामर्श सेवाको निरन्तरतामा चुनौति हुन सक्छ।
- मानसिक रोगको उपचारमा प्रयोग हुने औषधिको स्वास्थ्य संस्थामा निःशुल्क रुपमा निरन्तर उपलब्धताको संयन्त्र प्रभावकारी नहुँदा सेवाको निरन्तरता तथा प्रभावकारीतामा चुनौति आउन सक्न्दछ।
- मुलुक संघीय संरचनामा परिणत हुँदा कार्यान्व्यिन गरिने स्वास्थ्य कार्यक्रमहरु केन्द्र र संघको दायित्वभित्र पर्नेगरी छुट्याई मानसिक स्वास्थ्य नीतिको पुनः समायोजन नुहँदा चुनौति हुनसक्दछ।
- यस नीतिलाई कार्यान्वयन गर्नका लागि संघ तथा प्रदेशमा जस्तै स्थानीय तहमा पनि मानसिक स्वास्थ्यका छुट्टै सक्रिय संयन्त्र नभएको हुँदा मानसिक स्वास्थ्यका कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन चुनौति आउन सक्दछ।

आज्ञाले
**दिनेश दाहाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**